झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः८ संख्याः ५ मितिः २०८२/०९/१९

भाग २

झिमरुक गाउँपालिका


पारित मिति : २०८२/०९/१९

## झिमरुक गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान
## ढुङ्गा, गिट्टि, बालुवा आदिमा अमानतबाट राजश्व संकलन गर्ने

## कार्ययोजना २०८२

## मान्य अवधि :- २०८३ जेठ मसान्तसम्म

पृष्ठभूमिः

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ उपदफा १ च मा व्यवस्था भए बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रबाट संकलन तथा विक्रि हुने ढुङ्गा, गिट्टी, बालुवामा प्रदेश सरकारबाट तोकिएको दरमा संकलन शुल्क तथा विक्रि शुल्क लगाउन पाउने व्यवस्था भए बमोजिम यस पालिकाले यस आ. व. मा कर संकलन गर्नु पर्ने भएको छ । यस आ. व. मा गाउँपालिकाले ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा विक्रि प्रयोजनका लागि प्रारम्भिक बातावरणीय अध्ययन गरी त्यसले तोकेको परिणाम भित्र रहेर संकलन तथा विक्रि गर्नु पर्ने गरी प्रदेश सरकारले समय समयमा परिपत्र गर्ने गरेको छ ।

२०८२ कार्तिक ३० गतेको गाउँकार्यपालिकाको बैठकको निर्णय अनुसार गरिएको ठेक्का बन्दोबस्तिमा दुइ पटक सम्म ठेक्का आह्वान गर्दा समेत कुनै आबदेन नपरी समयमै ठेक्का बन्दोवस्त गर्न नसकेको हुँदा गाउँपलिका आफै अमानतबाट कर संकलनको लागि यो कार्ययोजना तयार गरिएको हो ।

यस कार्ययोजना बमोजिम गाउँपालिकाले आफ्नै कर्मचारी खटाउन सक्नेछ आफ्नै कर्मचारी खटाउन नसक्ने अवस्थामा कुनैपनि व्यक्तिलाई सम्वन्धित व्यक्तिको निवेदनको आधारमा कार्यालयले नगदी रसिदको जिम्मा दिई उक्त व्यक्तिलाई खटाएर चुवावट रहित कर संकलन गर्ने प्रयास गरेको छ। यसरी कर संकलन प्रयोजनको लागि कसरी नियमित एवं व्यवस्थित गर्न सकिन्छ र वढी राजश्व संकलन गर्न सकिन्छ तथा कर संकलन कार्यमा के कति खर्च लाग्न सक्दछ भन्ने कुरालाई समेटी यो कार्ययोजना तयार गरिएको छ ।

**१ ठेक्का बन्दोबस्ती व्यवस्थित गर्न गरिएका प्रयासहरु**

- IEE प्रतिवेदन तयार गरी स्वीकृत गरिएको ।
- स्टक परिमाण नापजाँच गर्न लगाइएको ।
- २ पटकसम्म ठेक्का सुचना जारी गरिएको ।

**२ उद्देश्यहरु**

- गाउँपालिकाको आन्तरीक राजश्वलाइ वृद्वि गर्न।
- राजश्व चुहावटलाई नियन्त्रण र व्यवस्थित गर्न ।
- गाउँपालिकामा रहेका स्थानीय स्रोत र साधनलाई सदुपयोग हुने गरी कर लगाउन।
- नदीजन्य पदार्थको व्यवस्थापनलाई बाताबरण मैत्री बनाउन ।
- कर संकलन कार्यलाइ पारदर्शी र व्यवस्थित बनाउन ।
- निर्माण सामग्रीको अभावले हुने कृतिम अभाव तथा मुल्यवृद्वी नियोजन गर्न ।
- सार्वजनिक तथा निजि विकास निर्माण कार्यलाई सहजिकरण गर्न ।

**३ विधि**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्ररहेको प्राकृतिक स्रोत तथा साधनहरुको संकलन विक्रि गर्दा त्यसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही गाउँसभा तथा प्रदेश सरकारले निदृष्ठ गरेको दररेट भित्र रहेर कर लगाउन सक्ने व्यवस्था भए बमोजिम गाउँपालिकाले ठेक्का बन्दोबस्त मार्फत कर संकलन गर्नको लागि तयार गरेको ठेक्का बन्दोबस्त २ पटकसम्म ठेक्का आह्वान गर्दा समेत ठेक्का बन्दोबस्त हुन नसकेकोले कार्यालय आफैले कर संकलन गर्नुपर्ने बाध्यता रहेकोले गाउँपालिकाले आफ्नै कर्मचारी खटाउन सक्नेछ आफ्नै कर्मचारी खटाउन नसक्ने अवस्थामा कार्यालयले स्थानीय व्यक्तिलाई छनौट गरी विभिन्न नाकामा खटाइ कर संकलन गर्ने व्यवस्था गर्नेछ । यसरी कर संकलन प्रयोजनकालागि कर संकलन केन्द्र चेकिङ्ग पोइन्ट तथा मोबाइल चेकिङ्ग टोलिको माध्यमबाट कर संकलन गर्नको लागि कर्मचारीलाइ परिचालन गर्ने विधि अपनाइनेछ । कर संकलन प्रयोजनको लागि गाउँपालिकामा कर संकलन हुने क्षेत्रलाइ बढीमा ६ क्लस्टरमा विभाजन गरिने छ। ६ क्लस्टरमा गाउँपालिकाको आफ्नै कर्मचारी खटाउन सक्नेछ आफ्नै कर्मचारी खटाउन नसक्ने अवस्थामा कार्यालयले कुनै व्यक्तीलाई रसिदको जिम्मा दिई नगद संकलन गर्ने त्यस क्लस्टरमा रहेका कामदारको लागी आवस्यक सामानको माग गर्ने तथा त्यस क्लस्टरको कामको नियमित संचालन गरी सोको प्रगती गाउँपालिकामा पेश गर्ने कार्य गर्नेछ । सो ६ क्लस्टरहरु निम्न रहेका छन् ।

| क्लस्टर न | क्षेत्र | वडा न | इन्चार्जको नाम थर | कैफियत |
|---|---|---|---|---|
| क्लस्टर नं १ | गर्तङ्ग खोला वालुवा क्षेत्र | १ | | |
| क्लस्टर नं २ | झिमरुक खोला झिमरुक गर्तङ्ग दोभान छाप्रे | ५,७ | | |
| कल्स्टर नं ३ | झिमरुक खोला चिसावाङ्ग रातटारी क्षेत्र(१) | ६,७ | | |
| क्लस्टर न४ | झिमरुक खोला चिसावाङ्ग रातटारी क्षेत्र(२) | ६,७ | | |
| क्लस्टर न५ | झिमरुक खोला गुडगुडे रह क्षेत्र(१) | ६,७ | | |
| क्लस्टर न ६ | झिमरुक खोला गुडगुडे रह क्षेत्र(१) | ६,७ | | |

यसरी कर संकलनमा रसिद वितरण गर्दा ईन्चार्जलाई एक पटकमा बढीमा १५ प्याड रसिद उपलब्ध गराउने अर्को पटकमा रसिद लिन आउदा अघिल्लो पटक लगेको ८० प्रतिशत प्याड रसिदको रकम कार्यालयको नाममा बैंक खातामा बुझाइ भौचर उपलब्ध गराए पश्चात मात्र प्राप्त भएको प्याडको आधारमा नयाँ प्याड उपलब्ध गराइने छ ।

रकम दाखिलाको हकमा कर संकलकहरुले कार्यालयमा नगद वा बैंक भौचर पेश गरे पछी राजश्व शाखाबाट भर्पाई (नगद प्राप्तिको रसिद) प्राप्त गर्नेछन् । उक्त संकलित रकम गाउँपालिकाको विभाज्य कोष खातामा जम्मा गरी भौचर गाउँपालिकाको राजश्व शाखामा उपलब्ध गराउनु पर्नेछ ।

रसिदको सिलसिलेवार नम्वर अनुसारको दैनिकी समेत नियमित रुपमा भरी फाँटबारी समेत पेश गरी हिसाव मिलान गर्नु सम्वन्धित कर संकलकहरुको दायित्व हुनेछ ।

आर्थिक प्रशासन शाखामा आय दाखिला गर्दा प्रत्येक आयका साथ नगदि रसिद संलग्न हुनेछ ।

**घाट खुला रहने समय विहान ८ बजेदेखि वेलुका ५ बजेसम्म रहेको छ ।**

**४ .पदाधिकारी तथा कर्मचारीहरुको कार्य विभाजन निम्नानुसार गरिनेछ ।-**

| क्र.सं. | कार्य जिम्मेवारी | कर्मचारीको नाम/पद | समय | स्थान |
|---|---|---|---|---|
| १ | नाकाको सुपरिवेक्षण तथा अनुगमन गर्ने | गा पा अध्यक्ष/उपाध्यक्ष | जुनसुकै समय | सबै नाकाहरु |
| २ | नाकाको सुपरिवेक्षण तथा अनुगमन गर्ने | वडाध्यक्ष वडा सदस्यहरु | जुनसुकै समय | सम्वन्धित वडाको घाटहरु |
| ३ | कर संकलन सम्वन्धि सवै कार्यको संयोजन गर्ने | प्रमुख प्रशासकिय अधिकृत | जुनसुकै समय | सबै नाकाहरु |
| ४ | कर संकलनमा खटिएका कर्मचारीहरुलाई आवस्यक समन्वय गर्ने तथा संकलन कार्यको नियमित अनुगमन गर्ने | प्राविधिक शाखा प्रमुख | जुनसुकै समय | सबै नाकाहरु |
| ५ | कर संकलन रकमलाई व्यवस्थित गर्ने, कर संकलनमा खटिएका कर्मचारीहरुको तलव भत्ता वितरणको व्यवस्था गर्ने | आर्थिक प्रशासन शाखा | जुनसुकै समय | |
| ६ | नियमित सुपरिवेक्षण, नाकामा कर्मचारीको व्यवस्था गर्ने, नाकाको व्यवस्थापन सम्वन्धि कार्य गर्ने, रसिद प्रमाणित गर्ने, प्राप्त बैंक भौचर आर्थिक प्रशासन शाखामा पेश गर्ने व्यवस्था मिलाउने लगायतका अन्य सबै कार्यहरुको व्यवस्थापन गर्ने | प्रमुख प्रशासकिय अधिकृत /प्रशासन शाखा प्रमुख | जुनसुकै समय | सबै नाकाहरु |
| ७ | नाकामा रसिद वितरण गर्ने, प्राप्त रसिदको अर्धकट्टी नियमित आयो आएन रेखदेख गरि फाँटवारी तयार गर्ने, नाकाको नियमित सुपरिवेक्षण | जिन्सि शाखा प्रमुख | जुनसुकै समय | सबै नाकाहरु |

| | | | | |
|---|---|---|---|---|
| | गर्ने | | | |
| ८ | राजश्व शाखामा रसिद तथा आवस्यक सामग्री उपलब्ध गराउने तथा व्यवस्थापनको लागि कर संकलन गर्ने, नाकाहरुको छड्के तथा नियमित चेकजाँच गर्ने । | प्रशासन शाखा | जुनसुकै समय | |
| ९ | रसिदमा छाप हान्ने, नियमित सामानको व्यवस्था गर्ने, राजश्व शाखामा कर्मचारी नभएको अवस्थामा नगद रकम बैंक जम्मा गर्न रहयोग गर्ने | जिन्सि शाखा | जुनसुकै समय | |

कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीबाट कम्तिमा १५ दिनको एक पटक कर संकलन केन्द्रको नियमित अनुगमन गर्ने ।

आवश्यकता अनुसार गाउँपालिकाले समेत अनुगमन गर्न सक्नेछ ।

**५ खर्च अनुमान**

गाउँपालिकाले बफैद्वारा कर उठाउने क्रममा लाग्न सक्ने खर्चको अनुमान निम्नानुसार हुनेछ । प्रत्यक्ष रुपमा कर संकलनमा बसेका कर संकलकहरुको लागि देहायबमोजिम गर्ने गरी पेश गरिएको छ ।

**बजेट तथा कार्यक्रम**

| सि.नं. | विवरण | मासिक खर्च | कैफियत |
|---|---|---|---|
| १ | नाकामा खटिने कर्मचारी | कार्यालयको कर्मचारीको हकमा दैनीक खाना तथा खाजा खर्च बापत रु ५०० र अन्य व्यक्तिहरुको लागि संकलित रकमको २० प्रतिशत रकम उपलब्ध गराइनेछ । | |
| २ | छपाई रसिद तथा दैनिकी डोर हाजिरी कर विवरण आदी | गाँउपालिकाको कार्यालयवाट उपलब्ध गराउने | |
| ३ | स्टेशनरी कापि कलम कार्वन लगबुक | गाँउपालिकाको | |

| | | | |
|---|---|---|---|
| | | कार्यालयवाट उपलब्ध गराउने | |

गाउँपालिकाले कामकाज गर्ने गरी खटाउन सक्ने कर्मचारी तथा स्थानिय अन्य व्यक्तिहरुको विवरण

| क. स. | कर संकलकको नाम थर | कर संकलन नाका | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

**ढुवानीका साधनको दररेट**

| क.सं. | ढुवानी साधनको नाम | दररेट (मु अ कर सहित) | कैफियत |
|---|---|---|---|
| १ | टेक्टर | ५०० / प्रति टेक्टर | ६०७३.७४*१.१३ |
| २ | ट्रिपर ६ चक्के | १६८०/ प्रति ट्रिपर | ६०२४७*१.१३ |
| ३ | ट्रिपर ८ चक्के | २०४०/ प्रति ट्रिपर | ६०३०००*१.१३ |
| ४ | ट्रिपर १० चक्के | २६४०/ प्रति ट्रिपर | ६०३८९*१.१३ |

१ घन मिटर बरावर ३५/३९४७२४ घनफिट

विभिन्न घाटहरुबाट उत्खनन् गर्न सकिने परिमाण

| क्लस्टर न | क्षेत्र | वार्षिक उत्खनन् गर्न सकिने परिमाण घ.मि. | कैफियत |
|---|---|---|---|
| क्लस्टर नं १ | गर्तङ्ग खोला वालुवा क्षेत्र | ३४३ | |
| क्लस्टर नं २ | झिमरुक खोला झिमरुक गर्तङ्ग दोभान छाप्रे | २६९५ | |
| कल्स्टर नं ३ | झिमरुक खोला चिसावाङ्ग रातटारी क्षेत्र(१) | ११०२.५ | |
| क्लस्टर न४ | झिमरुक खोला चिसावाङ्ग रातटारी क्षेत्र(२) | ५८३.१ | |
| क्लस्टर न५ | झिमरुक खोला गुडगुडे रह क्षेत्र(१) | ७८४ | |
| क्लस्टर न ६ | झिमरुक खोला गुडगुडे रह क्षेत्र(१) | ७१०.५ | |

कानून विपरित घाटमा व्याक हू लोडर स्काभेटर जस्ता हेवि मेशिनहरु प्रयोग गर्न पाईने छैन। यदि कुनै व्यक्ति वा संस्थाले त्यस्ता मेशिन प्रयोग गरि उत्खनन गरेको पाईएमा प्रत्येक पटकको रु. १५,००० अक्षेरुपी पन्ध्र हजार जरिवाना तिर्नुपर्ने छ। घाटबाट विक्रि हुने गिट्टि, बालुवा, ढुङ्गा लगायतका सामग्रीको परिमाण उल्लेख भएको नगदि रसिद प्रयोग गरी ढुवानी प्रवन्ध मिलाउनु पर्नेछ। परिमाण उल्लेख नगरि वा कम उल्लेख गरि राजश्व असुल गरेमा पहिलो पटक रु १०००० र पुन दोहोरिएमा रु २५००० का दरले थप रकम तिर्नु पर्नेछ। नगद रसिदबिना ढुवानी गर्ने ढुवानीका साधनहरुलाइ नियन्त्रणमा लिइ सामाग्री जफत गरि पहिलो पटक रु ५००० र पुन दोहोरिएमा रु १५००० का दरले थप रकम तिर्नु पर्नेछ ।नियन्त्रणमा लिई सामाग्री जफत र जरिवानाकोलागि गाउँपालिकामा सिफारिस गरेमा ईलाका प्रहरी कार्यालयलाई प्रोत्साहन स्वरुप असुल भएको जरिवाना रकमको १० प्रतिशतले हुन आउने रकम कार्यालयबाट उपलब्ध गराईनेछ।

सकेसम्म कार्यालयका कर्मचारीहरु खटाइ कर संकलन गरिने छ । सो कर संकलनका लागि खटिने कर्मचारीहरुका लागि उल्लेखित रकमको सिमाभित्र रहि खर्च व्यवस्थापन गरिनेछ। यो कार्ययोजना राजश्व संकलनको अर्को व्यवस्था नभएसम्मको लागि अथवा अधिकतम २०८३ जेठ मसान्त सम्मको लागि कायम रहनेछ ।